# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
# Patan Academy of Health Sciences
(पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत स्थापित)
लगनखेल-५, ललितपुर, नेपाल Lagankhel -5, Lalitpur, Nepal


मिति : २०८३/०५/१२

## सार्वजनिक विज्ञप्ति

**बाढी तथा प्राकृतिक विपद्‌बाट प्रभावित नागरिकहरुप्रति पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको सहयोग र स्वास्थ्य सेवाको प्रतिवद्धता**

रसुवा, नुवाकोट, धादिङ, तनहुँ, चितवन लगायत देशका विभिन्न भू: भागमा हालै आएको अविरल वर्षा र बाढी पहिरोका कारण भएको ठूलो जनधनको क्षतिप्रति पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान गहिरो दु:ख व्यक्त गर्दछ । यस् प्रकृतिक विपत्तिमा परी ज्यान गुमाउनु हुने सम्पूर्णप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै घाइते हुनुभएका सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । विपद्‌को यस कठिन परिस्थितिमा प्रभावित नागरिकहरुको स्वास्थ्य उपचार तथा राहतमा सहयोग पुऱ्याउने उद्देश्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,पाटन अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको स्वेच्छाले एक दिनको तलब बराबरको रकम जम्मा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग स्वरुप प्रदान गर्ने निर्णय गरिएको छ ।

विपद्‌का कारण नियमित औषधि सेवन र स्वास्थ्य सेवा पहुँचमा समस्या परेका दीर्घरोगी, बालबालिका, गर्भवती तथा जेष्ठ नागरिकहरु प्रति विशेष ध्यान दिदै उपचारमा आवश्यक सहयोग पुऱ्याउन प्रतिष्ठान प्रतिबद्ध रहेको छ । प्रभावित क्षेत्रमा स्वास्थ्य सेवाको आवश्यकता पहिचान गरी सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा स्वास्थ्य संस्थाहरुसंग आवश्यक समन्वय गरेर आवश्यकता र प्राथमिकता आधारमा प्रतिष्ठानको स्वास्थ्य टोली परिचालन गरी स्वास्थ्य सेवा, विशेषज्ञ परामर्श तथा आवश्यक मानवीय सहयोग गर्न हामी तत्पर रहेका छौं ।

यसका लागि तत्काल आवश्यक पर्ने सहयोगको प्रकृति र परिमाण सम्बन्धित निकायसँगको समन्वय निर्धारण गरी उपलब्ध स्रोत, जनशक्ति र विशेषज्ञताको अधिकतम उपयोग गर्दै आवश्यक सहयोग निरन्तर उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दछौं । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान,पाटन अस्पताल विपद्‌बाट प्रभावित नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि आफनो जिम्मेवारी अनुसार सहयोग गर्न सदैव तत्पर रहेको छ ।

डा.अरुण शाही

रजिष्ट्रार

रजिष्ट्रार


E-mail: pahs@pahs.edu.np Tel.: +977-1-5445112 Fax: +977-1-5434198 G.P.O. Box 26500
Website: www.pahs.edu.np Kathmandu, Nepal